


वर्ष ४३ | अंक १ | नेपाल राष्ट्र बैंक समाचार | असोज २०७५ | सेप्टेम्बर-अक्टोबर २०१८

## ४३ औं वर्ष प्रवेश

नेपाल राष्ट्र बैंक समाचार यसै अंकदेखि ४३ औं वर्षमा प्रवेश गरेको छ । वि.सं. २०३२ असोजदेखि प्रकाशन आरम्भ भएको समाचार एक दशक अघिदेखि रंगिन कलेबरमा प्रकाशन भइरहेको छ । बैंकका विभिन्न गतिविधि कर्मचारीहरूका साथै सम्बन्धित पक्ष समक्ष पुऱ्याउने उद्देश्यले प्रकाशन सुरु भएको समाचार पछिल्लो समयमा पनि सोही उद्देश्य परिपूर्तिका लागि निरन्तर प्रकाशन भइरहेको छ ।

समाचारको प्रकाशन गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखाबाट हुँदै आएको सन्दर्भमा कार्यालयमा कार्य गर्न खटाइएका कर्मचारीहरूको समूहबाट नै यसको प्रकाशन सम्बन्धी कार्य हुँदै आएको छ । एउटै कर्मचारीबाट कार्यालयका अन्य नियमित कार्यका साथै समाचार प्रकाशनको कार्यलाई निरन्तरता दिइरहनु परेको अवस्था छ । समाचारको गुणस्तर अझ बढाउँदै लैजान यसको प्रकाशन कार्यमा संलग्न जनशक्तिलाई समयानुकूल तालिम तथा अनुशिक्षण दिइरहनु पर्ने हो तर यसो हुन सकेको छैन ।

बैंक परिवारको सहयोग विना समाचार प्रकाशन कार्य पूर्ण हुन सक्दैन । केन्द्रीय कार्यालय अन्तर्गतका कतिपय विभाग तथा कार्यालयहरूले आफूसँग सम्बन्धित गतिविधि समाचारमा प्रकाशन हेतु लिखित रुपमै उपलब्ध गराउँदै आएको अवस्था छ । केही विभाग तथा कार्यालयहरूले कार्यक्रमको जानकारी गराएको आधारमा समाचार संकलन गरी प्रकाशन गर्ने गर्दै आएका छौं । प्रदेशस्थित कार्यालयहरूको गतिविधि पनि समाचारमा समेट्न सकियोस् भनेर कार्यालय प्रतिनिधि तोकेको भए तापनि केही कार्यालयहरूको समाचार सम्प्रेषण प्रभावकारी हुन नसकेको हो कि भन्ने आभाष हामीलाई भएको छ । अन्तमा, समाचारको उद्देश्य थप प्रभावकारी रुपमा हासिल हुने गरी यसको प्रकाशनलाई अझ स्तरीय र प्रभावकारी बनाउन सम्बन्धित सबैको सहयोगमा हामी निरन्तर लागिरहने प्रण गर्दै समस्त बैंक परिवारमा समाचार २०७५ सालको बडा दशैं तथा दीपावलीको मंगलमय शुभकामना व्यक्त गर्दछ ।

## मुलुक लगातार बढ्दो आर्थिक वृद्धिको अवस्थामा

गभर्नर डा. चिरंजीबि नेपालले मुलुक लगातार बढ्दो आर्थिक वृद्धिको अवस्थामा रहेको बताउनु भएको छ ।




नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) र नेपाल आर्थिक पत्रकार समाज (SEJON) ले संयुक्त रुपमा २०७५ भदौ १३ गते काठमाडौंमा आयोजना गरेको आर्थिक बहस (Eco Talk) कार्यक्रममा प्रमुख अतिथि रहनु भएका उहाँले यस वर्ष पनि सरकारले प्रक्षेपण गरेको ८ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने दिशामा देश अघि बढिरहेको चर्चा गर्दै यसका लागि आवश्यक मौद्रिक व्यवस्थापन गर्न सघाउ पुग्ने गरी आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति तर्जुमा गरिएको बताउनु भयो ।

बैंकिङ क्षेत्रको तरलता सहज बनाउन र लगानीयोग्य कोषको कमी हुन नदिन केन्द्रीय बैंकले मौद्रिक नीति मार्फत अनिवार्य नगद मौज्दात तथा वैधानिक तरलता अनुपात घटाएको र विदेशी मुद्रामा पनि ऋण लिन सक्ने व्यवस्था लागू गरेको चर्चा गर्दै उहाँले यी व्यवस्थाका साथै स्प्रेड दरमा गरिएको कटौतीले बैंक तथा वित्तीय संस्थाहरूको कर्जाको व्याजदर घटाउन सघाउ पुग्ने बताउनु भयो ।

स्थिर सरकार, नीतिगत सामञ्जस्यता, विद्युत आपूर्तिमा सुधार, श्रम सम्बन्धमा सुधार लगायतका सकारात्मक सुधारले नेपालमा लगानीको वातावरण राम्रो बन्दै गएको र व्यापार व्यवसाय गर्न सहज वातावरण बन्दै गएको धारणा व्यक्त गर्दै उहाँले उद्योगी व्यवसायीहरूले गुनासो गर्नु भन्दा प्राप्त अवसरको सदुपयोग गर्दै सरकार र केन्द्रीय बैंकले लिएका नीति कार्यान्वयनमा सहयोग गर्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

आयात ठूलो परिमाणमा बढ्नु, त्यसको तुलनामा निर्यात बढ्न नसकी व्यापार घाटा बढ्दै जानु नेपाली अर्थतन्त्रको प्रमुख चुनौती रहेको बताउँदै उहाँले उल्लेख्य रुपमा आयात भइरहेका कृषि उपजहरू नेपालमै उत्पादन गर्न सकिने अवस्था रहेकोले उद्योगी व्यवसायीहरूले कृषिको आधुनिकीकरण गर्ने तर्फ ध्यान दिने बेला आएको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले नेपालमा लगानीको वातावरणमा सुधार भए सँगै रोजगारी वृद्धि गरी आर्थिक समृद्धि हासिल गर्न सबै पक्ष हातेमालो गरी अगाडि बढ्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष पुष्पराज आचार्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष उमेशलाल श्रेष्ठले उद्योग व्यवसाय क्षेत्रको बैंकिङ सम्बन्धी समस्या र समाधान विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

बाँकी ४ पेजमा

## वार्षिक वित्तीय विवरण स्वीकृति लिएर सार्वजनिक गर्नुपर्ने

नेपाल राष्ट्र बैंकबाट भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था तथा संयन्त्रहरूले आर्थिक वर्ष २०७५/७६ देखि आफ्नो वार्षिक वित्तीय विवरण बैंकबाट स्वीकृति लिएर मात्र प्रकाशन तथा सार्वजनिक गर्नुपर्ने भएको छ।

भुक्तानी प्रणाली विभागले २०७५ भदौ १४ गते एक निर्देशन जारी गरी बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक (बैंक तथा वित्तीय संस्थाहरू बाहेक) संस्था तथा संयन्त्रहरूले वित्तीय विवरण सार्वजनिक प्रकाशन गर्नुपूर्व निश्चित विवरणहरू पेश गरी स्वीकृति लिनुपर्ने व्यवस्था कायम गरेको छ। यस प्रयोजनको लागि संस्थाको नाफा नोक्सान विवरण तथा वासलात (अनुसूची सहित), लेखापरीक्षण प्रतिवेदन र सञ्चालक समितिको प्रतिक्रिया, संस्थाको वार्षिक आर्थिक कारोबार/गतिविधि समावेश भएको संक्षिप्त प्रतिवेदन, नगद प्रवाह विवरण तथा आर्थिक वर्षको असार मसान्तको दिन संस्थामा देखिएको मौज्दात र सेटलमेन्ट बैंकको सेटलमेन्ट खातामा रहेको मौज्दातको विवरण बैंकमा पेश गर्नु पर्नेछ।

निर्देशन मार्फत बैंकले ती संस्था तथा संयन्त्रहरूले वित्तीय विवरण सार्वजनिक प्रकाशन गर्नुपूर्व अपनाउनु पर्ने प्रक्रियागत व्यवस्था पनि लागू गरेको छ।

उपरोक्त प्रक्रियागत व्यवस्था अनुसार पहिलो चरणमा संस्थाको सञ्चालक समितिबाट वार्षिक आर्थिक कारोबारको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी सोको जानकारी अनिवार्य रुपमा बैंकलाई दिनु पर्नेछ। प्रत्येक आर्थिक वर्षको साउन १ देखि असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्षको रुपमा लिनु पर्नेछ। संस्था स्थापना भएको वर्षको लागि संस्था स्थापना मितिदेखि असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्षको रुपमा मान्नु पर्नेछ।

दोस्रो चरणमा प्रचलनमा रहेका लेखामान/लेखापरीक्षण तालिकाहरूको प्रयोग गरी लेखापरीक्षण गराउनु पर्नेछ। लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको ४ महिनाभित्रमा सम्पन्न गरिसक्नु पर्नेछ।

तेस्रो चरणमा उक्त लेखापरीक्षणको प्रतिवेदन संस्थाको सञ्चालक समितिबाट निर्णय गरी १ महिनाभित्र नेपाल राष्ट्र बैंकसमक्ष पेश गर्नु पर्नेछ। यस क्रममा आर्थिक विवरणको अतिरिक्त संस्थागत सुशासन सम्बन्धी नीतिगत व्यवस्थाहरू, प्रमुख जोखिम पहिचान तथा सोको न्यूनीकरण गर्न गरिएका व्यवस्थाहरू र लेखा नीतिहरूको समेत विश्लेषण गरी पेश गर्नु पर्नेछ।

निर्देशनले संस्थामा परिपालना (Compliance) विभाग/एकाइ गठन गरी संस्थाको प्रवन्धपत्र, नियमावली, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन, परिपत्र, सूचना तथा आदेशहरूको परिपालना एवम् संस्थाले पारित गरी लागू गरेका नियम, नीति, मार्गदर्शन तथा आर्थिक कारोबारहरूको निरन्तर रुपमा परीक्षण गर्नु पर्ने व्यवस्था गरेको छ।

साथै, संस्थाको आन्तरिक लेखापरीक्षण विभाग/एकाइबाट प्रत्येक ६/६ महिनामा वित्तीय विवरणको परीक्षण गरी उपयुक्त माध्यमबाट प्रकाशन तथा सार्वजनिक गर्नु पर्ने व्यवस्था पनि लागू गरिएको छ।

## नेपाली बैंकले परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सक्ने

नेपाली बैंकहरूले परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटन तथा निर्यात उद्योग र हस्पिटलहरूलाई परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सक्ने भएका छन्।

विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ भदौ १५ गते एक परिपत्र जारी गरी यस्तो ऋण रकम सम्बन्धित पर्यटन तथा निर्यात उद्योग र हस्पिटलहरूले आफूलाई आवश्यक हुने आयातको भुक्तानीको लागि मात्र प्रयोग गर्न पाइने व्यवस्था गरेको छ। यसरी लिएको ऋणको साँवा र व्याज सम्बन्धित पर्यटन तथा निर्यात उद्योग र हस्पिटलहरूले आफ्नो खातामा रहेको परिवर्त्य विदेशी मुद्रा मध्येबाट भुक्तानी गर्नु पर्नेछ।

यस प्रयोजनको लागि बैंकहरूले विद्यमान व्यवस्था बमोजिम विदेशी बैंकबाट ऋण लिएको रकमबाट समेत ऋण सुविधा दिन पाउने छन्। साथै, बैंकहरूलाई विदेशी मुद्रा आवश्यक परेमा नेपाल राष्ट्र बैंकले प्रचलित विनिमय दरमा आवश्यक विदेशी मुद्रा विक्री गर्नेछ।

## लघु वित्तले पनि परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्ने

नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्र प्राप्त लघु वित्त वित्तीय संस्थाहरूले पनि परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्ने व्यवस्था लागू गरिएको छ। विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ भदौ २५ गते जारी गरेको सूचना अनुसार ती संस्थाहरूले विदेशी मुद्रा आर्जन गर्ने पर्यटन, कृषि क्षेत्र, लघु उद्यम तथा व्यवसाय, लघु जलविद्युत तथा नवीकरणीय ऊर्जा, रोजगारी तथा स्वरोजगारी सिर्जना मार्फत आयआर्जन, गरिबी निवारण र उत्पादन अभिवृद्धि गर्नमा सहयोग पुग्ने गरी आफ्नो कारोबार क्षेत्रभित्र पर्ने उद्यम, व्यवसाय, परियोजना आदिमा कर्जा प्रवाह गर्ने प्रयोजनको लागि वित्तीय साधनको प्रवन्ध गर्न विदेशी बैंक तथा वित्तीय संस्था वा अन्य संस्थाहरूबाट आफ्नो प्राथमिक पुँजीको २५ प्रतिशत रकमसम्म परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्नेछन्।

नेपाल राष्ट्र बैंकले तोके बमोजिमको पुँजी कोष कायम गरेका लघु वित्त वित्तीय संस्थाहरूले मात्र यस्तो कर्जा लिन सक्नेछन् भने ऋण लिने संस्थाहरूले आफ्नो प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म मात्र वित्तीय स्रोत परिचालन हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

यस्तो ऋण लिन सम्बन्धित संस्थाको सञ्चालक समितिबाट निर्णय भएको हुनुपर्ने, ऋण दिने विदेशी बैंक तथा वित्तीय संस्था अन्तर्राष्ट्रिय रुपमा वित्तीय कारोबार गर्नमा कुनै किसिमको प्रतिबन्ध नलगाइएको हुनु पर्नेछ। यस्तो ऋणको भुक्तानी अवधि १ वर्षदेखि ५ वर्षसम्मको मात्र हुनु पर्ने तर केन्द्रीय बैंकले स्वीकृति प्रदान गरेको अवस्थामा नवीकरण गर्न सकिने व्यवस्था छ।

ऋणको व्याजदर लगायत ऋणदाताले लगाउने अन्य सम्पूर्ण शुल्क (Fee) समेत गरी अधिकतम 6 Month Libor + 3% भित्र हुनु पर्नेछ। उक्त व्याजदर बाहेक अन्य कुनै शुल्क, कमिशन दिन पाइने छैन।

यस्तो ऋण लिने प्रयोजनको लागि कुनै किसिमको धितो, जमानत, बैंक ग्यारेन्टी दिन पाइने छैन। यस्तो ऋण लिन केन्द्रीय बैंकबाट पूर्व स्वीकृति लिनु पर्नेछ। ऋण रकम भित्रिसके पश्चात् अनिवार्य रुपमा केन्द्रीय बैंकमा लेखांकन गराउनु पर्ने छ। ऋणको साँवा व्याज भुक्तानी गर्दा केन्द्रीय बैंकलाई अविलम्ब जानकारी गराई केन्द्रीय बैंकको अभिलेखमा अद्यावधिक गराउनु पर्नेछ।

साथै, ऋणको व्याज भुक्तानी गर्दा प्रचलित नियमानुसार लाग्ने कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्नेछ। यसै गरी, यस्तो ऋण रकम भित्र्याउँदा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको पूर्ण पालना गरेको हुनु पर्नेछ।

# मुलुकको विकास र समृद्धिमा बैंक तथा वित्तीय संस्थाहरूको भूमिका महत्त्वपूर्ण

गभर्नर डा. चिरंजीबि नेपालले ८ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न तथा मुलुकको विकास र समृद्धिको अभियान सफल बनाउन बैंक तथा वित्तीय संस्थाहरूको महत्वपूर्ण भूमिका रहने बताउनु भएको छ ।



ग्रामीण विकास लघु वित्त वित्तीय संस्था लि. को २०७५ साउन ३० गते बुटवलमा आयोजित चौथो वार्षिकोत्सव समारोहमा प्रमुख अतिथि रहनु भएका गभर्नर डा. नेपालले करिब ६० प्रतिशत नेपाली जनता अझै पनि औपचारिक वित्तीय पहुँच बाहिर रहेको पाइएकोले ती जनतामाझ बैंक तथा वित्तीय संस्था पुग्ने अवसर बाँकी नै रहेको बताउनु भयो ।

देशका ११६ स्थानीय तहमा बैंक तथा वित्तीय संस्था पुग्न बाँकी रहेको उल्लेख गर्दै उहाँले लघु वित्त वित्तीय संस्थाहरूले ती क्षेत्रमा आफ्नो सञ्जाल विस्तार गर्नु पर्ने एवम् ग्रामीण भेगमा वित्तीय साक्षरता अभियान चलाएर वित्तीय पहुँच विस्तार गर्नु पर्नेमा जोड दिनुभयो ।

मर्जर पश्चात ग्रामीण विकास लघु वित्त वित्तीय संस्था लि. ले हासिल गरेको प्रगति सन्तोषजनक रहेकोमा खुसी लागेको बताउँदै उहाँले आगामी दिनमा यस संस्थाले आफ्नो क्षमता अभिवृद्धि र आधुनिक प्रविधिको प्रयोगमा थप ध्यान पुऱ्याउनु पर्ने विचार व्यक्त गर्नुभयो । साथै, उहाँले संस्थाले आफ्नो उद्देश्य अनुरुप दुर्गम ग्रामीण क्षेत्रमा समेत सेवा पुऱ्याउनु पर्नेमा जोड दिनुभयो ।

लघु वित्त वित्तीय संस्थाहरूलाई दुर्गम, विकट र गरिबीको चाप भएको स्थानमा सेवा विस्तार गर्न प्रोत्साहित गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले ती स्थानमा शाखा खोले वापत रु.४० लाखसम्म सहुलियतपूर्ण कर्जा दिने गरेको, लघु वित्त वित्तीय संस्थाहरूमा दोहोरो कर्जाको समस्या बढेकोले त्यसलाई रोक्न कर्जा सूचना केन्द्र सञ्चालन गरेको र अब कर्जा लिने व्यक्ति कर्जा सूचना केन्द्रमा दर्ता हुने भएकोले यस व्यवस्थाबाट व्यक्तिको क्षमताको आधारमा कर्जा लिने र दोहोरोपना रोकिने विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा प्रदेश नं. ५ को योजना आयोगका उपाध्यक्ष तथा बैंकका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले संस्थाले गरेको कार्य प्रगतिको प्रशंसा गर्दै गरिबी न्यूनीकरण गर्न लघु वित्त वित्तीय संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो । साथै, उहाँले देशले परिलक्षित गरेको आर्थिक समृद्धि हासिल गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई कसरी क्षमतावान बनाउने भन्ने विषयमा गहन विश्लेषण गर्नु पर्ने र यसका लागि वित्तीय संस्थाहरू बढी भन्दा बढी उत्पादनशील क्षेत्रमा लाग्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

सिद्धार्थनगर कार्यालयका निर्देशक अशोककुमार पौडेलले मर्ज पश्चात ग्रामीण विकास लघु वित्त वित्तीय संस्था लि. ले गरेको प्रगति सन्तोषजनक देखिए तापनि लघु वित्तको क्षेत्रमा उच्च प्रतिस्पर्धा रहेको हुँदा यस संस्था पनि आगामी दिनमा प्रतिस्पर्धी ढंगले उत्रिनु पर्ने बताउनु भयो ।

संस्थाको सञ्चालक समितिका अध्यक्ष माणिकरत्न शाक्यको सभापतित्वमा सञ्चालित उक्त समारोहमा संस्थाका प्रमुख कार्यकारी अधिकृत पर्वतकुमार कार्कीले स्वागत मन्तव्य राख्नु भएको थियो ।

उक्त संस्थाको मर्जर पूर्व २०७१ साउन २९ गते लगानीमा रहेको कर्जा रु.३ अर्ब ९६ करोड रहेकोमा २०७५ असार मसान्तमा वृद्धि भई रु.८ अर्ब ६६ करोड र निक्षेप रु.२ अर्ब ७४ करोड पुगेको, मर्जरको समयमा रहेको संस्थाको सञ्चित नोक्सानीमा उल्लेख्य सुधार भई आ.व. २०७४/७५ मा रु. २६ करोड ४६ लाख नाफा (अपरिष्कृत) भएको र मर्जरको समयमा ऋणात्मक रहेको पुँजी कोष २०७५ असार मसान्तको अपरिस्कृत वित्तीय विवरण अनुसार ७.७ प्रतिशत कायम भएको जानकारी सो समारोहमा दिइएको थियो ।

लघु वित्तको कारोवार गर्ने राष्ट्रिय स्तरको संस्थाको रुपमा इजाजतपत्र प्राप्त उक्त संस्थाले २०७५ असार मसान्तसम्ममा ५७ जिल्लामा १९४ वटा कार्यालय स्थापना गरेको छ । संस्थाको प्रधान कार्यालय बुटवलमा रहेको छ भने विराटनगर, जनकपुर, बुटवल, नेपालगञ्ज र धनगढीमा क्षेत्रीय कार्यालयहरू रहेका छन् । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका समुदाय र विशेष गरी महिलाहरूको आर्थिक तथा सामाजिक अवस्था सुदृढ गर्न विभिन्न प्रकारका लघु वित्त सेवाहरू प्रदान गर्दै आइरहेको छ ।

## डेपुटी गभर्नर शिवाकोटी सिसन बैठकमा सहभागी



डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी २०१८ सेप्टेम्बर १४ देखि १६ सम्म बैंक अफ थाइल्याण्डले बैंककमा आयोजना गरेको दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंकहरूको तालिम केन्द्र (सिसन) को १७ औं कार्यकारी समितिको बैठकमा सहभागी हुनुभयो ।

साथै उहाँले बैंककमै आयोजित SEACEN-BIS High Level Seminar मा पनि सहभागी हुनुभयो ।

यस अघि उहाँ रोयल मनिटरी अफ भुटान, अन्तर्राष्ट्रिय मुद्रा कोष र दक्षिण एसिया क्षेत्रीय तालिम तथा प्राविधिक सहायता केन्द्र (SARTTAC) ले संयुक्त रुपमा भुटानको थिम्पुमा २०१८ सेप्टेम्बर १० र ११ मा आयोजना गरेको Modernization of Monetary Policy Frameworks in Bhutan, India and Nepal विषयक कार्यशालामा सहभागी हुनु भएको थियो ।

ती कार्यक्रममा भाग लिन डेपुटी गभर्नर शिवाकोटी २०१८ सेप्टेम्बर ९ मा त्यसतर्फ प्रस्थान गर्नुभई २०१८ सेप्टेम्बर १७ मा स्वदेश फर्कनु भएको थियो ।

# गभर्नर डा. नेपाल र आईएमएफ स्टाफ मिसन बीच भेटवार्ता

नेपाल भ्रमणमा रहेको अन्तर्राष्ट्रिय मुद्रा कोषको जेरार्ड आल्मकिन्दर्स (Mr. Gerard J. Almkinders) को नेतृत्वमा आएको स्टाफ भिजिट मिसन (Staff Visit Mission) को प्रतिनिधि मण्डलले २०७५ भदौ २९ गते गभर्नर डा. चिरंजीबि नेपालसँग उहाँकै कार्यकक्षमा शिष्टाचार भेट गर्‍यो ।



भेटवार्तामा गभर्नर डा. नेपालले नेपालको वर्तमान आर्थिक स्थितिका बारेमा जानकारी दिँदै बढ्दो व्यापार घाटा र अमेरिकी डलरको विनिमय दरमा आएको वृद्धिले विदेशी मुद्राको सञ्चितिमा ल्याएको संकुचन र यसले मुद्रास्फीतिमा पर्न सक्ने प्रभावको बारेमा धारणा व्यक्त गर्नुभयो ।

नेपाली अर्थतन्त्रको वर्तमान चुनौतीहरूका बारेमा प्रतिनिधि मण्डललाई जानकारी गराउँदै उहाँले पर्यटन क्षेत्रको वृद्धि, विप्रेषण आप्रवाह र प्रत्यक्ष वैदेशिक लगानीमा आएको वृद्धिले नेपालको अर्थतन्त्र सकारात्मक दिशातर्फ उन्मुख रहेको बताउनु भयो ।

सो अवसरमा मिसन प्रमुख जेरार्डले नेपाल राष्ट्र बैंकले हालै जारी गरेको आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिको सराहना गर्दै व्याजदर कोरिडोर (Interest Rate Corridor) मा गरिएको संकुचनलाई सकारात्मक रुपमा लिएको बताउनु भयो । उहाँले नेपाली बजारमा हाल माग र आपूर्ति बीचको भिन्नताले सिर्जित कर्जा लघुता (Credit Gap) को अवस्थालाई जोड दिँदै वित्तीय क्षेत्र स्थायित्वमा नेपाल राष्ट्र बैंकले विशेष ध्यान दिनुपर्ने बताउनु भयो । अर्थतन्त्रमा आर्थिक मन्दीका पूर्व अनुभवहरूको उदाहरण प्रस्तुत गर्दै उहाँले सन्तुलित विकास उन्मुख रणनीति अवलम्बन गर्नुपर्ने आवश्यकता औल्याउनु भयो । भेटवार्ताका क्रममा जेरार्डले नेपालको घट्दो शोधनान्तर बचत (Balance of Payment) को बारेमा चासो राख्नु भएको थियो ।

प्रतिनिधि मण्डलमा आईएमएफका एसिया प्रशान्त विभागका उपनिर्देशक केनेथ कांग (Mr. Kenneth Kang), नेपालको लागि आईएमएफका वरिष्ठ आवासीय प्रतिनिधि एण्ड्रियाज बाउर (Mr. Andreas Bauer), वरिष्ठ अर्थशास्त्री Ms. Sodsriwiboon Piyaporn र अर्थशास्त्री Mr. Patrick Blagrave सहभागी हुनुहुन्थ्यो । यसै गरी, नेपाल राष्ट्र बैंकको तर्फबाट डेपुटी गभर्नर शिवराज श्रेष्ठ लगायत कार्यकारी निर्देशकहरूका साथै अन्य अधिकृतहरूको उपस्थिति रहेको थियो ।

# वित्तीय प्रविधि सम्बन्धी ज्ञान आदानप्रदान

गभर्नरको कार्यालयले २०७५ भदौ २५ गते आर्थिक वर्ष २०७५/७६ को पहिलो ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केको सभापतित्वमा आयोजित उक्त कार्यक्रममा अनुसन्धान विभागका निर्देशक डा. डिल्लीराम पोखरेल र सहायक निर्देशक डा. टापप्रसाद कोइरालाले नेपालमा वित्तीय प्रविधि प्रयोगको वर्तमान अवस्था, सम्भावना र चुनौती विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।



सो अवसरमा कार्यकारी निर्देशक डा. मास्केले ज्ञान आदानप्रदान कार्यक्रम कर्मचारीहरूको ज्ञान, सीप तथा अनुभव साटासाट गर्ने साझा मञ्चको रुपमा रहेको चर्चा गर्दै यसबाट भरपुर लाभ लिन सहभागी सबैलाई आग्रह गर्नुभयो ।

कार्यक्रमको सुरुमा सहभागीहरूलाई स्वागत गर्दै गभर्नरको कार्यालयका निर्देशक भीष्मप्रसाद उप्रेतीले कार्यक्रम आयोजना गर्नुको औचित्य माथि प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै निर्देशक डा. पोखरेलले वित्तीय कारोबार गर्दा सूचना प्रविधिको प्रयोग गर्ने कार्यलाई नै वित्तीय प्रविधि (FinTech) भन्ने गरेको बताउनु भयो । वित्तीय प्रविधिको प्रयोग नेपालमा मात्र होइन विश्वमै बढिरहेको चर्चा गर्दै उहाँले यसको प्रयोगबाट आर्थिक कारोबारमा समय र लागतको कमी, गुणस्तरीय सेवा प्रवाह लगायतका अवसर प्राप्त हुनुका साथै आर्थिक अपचलन, सूचना चुहावट, साइबर जोखिम, सञ्चालन जोखिम आदिमा वृद्धि हुने चुनौती पनि रहेको बताउनु भयो ।

यसै गरी सहायक निर्देशक डा. कोइरालाले वित्तीय कारोबारमा वित्तीय प्रविधिको प्रयोग सम्बन्धमा नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययनले नेपाली बैंक तथा वित्तीय संस्थाहरूमा दैनिक औसत रु.७ करोडको कारोबार यस प्रकारको प्रविधिको प्रयोग मार्फत हुने गरेको र यस्तो कारोबारमा संलग्न हुनेहरूको संख्या बढ्दो क्रममा रहेको देखाएको बताउनु भयो ।

कार्यक्रममा प्रस्तुत कार्यपत्र उपर सहभागीहरू बीच छलफल तथा अन्तरक्रिया गरिएको थियो ।

कार्यक्रममा बैंकका काठमाडौंस्थित विभिन्न विभाग तथा कार्यालयहरूबाट गरी ४० जनाको सहभागिता रहेको थियो ।

गभर्नरको कार्यालयको आर्थिक वर्ष २०७५/७६ को स्वीकृत वार्षिक कार्ययोजना अनुसार यो वर्ष ६ वटा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्ने कार्यक्रम रहेको छ ।

## मुलुक लगातार बढ्दो...

कार्यक्रममा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगाना, सार्क उद्योग वाणिज्य महासंघका उपाध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष चण्डीराज ढकाल र नेपाल उद्योग वाणिज्य महासंघको बैंकिङ समितिका संयोजक गोपाल खनालले पनि मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशकद्वय बैंक तथा वित्तीय संस्था नियमन विभागका नारायणप्रसाद पौडेल र अनुसन्धान विभागका नरबहादुर थापा, गभर्नरको कार्यालयका कायम मुकायम निर्देशक गोविन्दप्रसाद नागिला लगायत उद्योगी, व्यवसायी तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

# डेप्टी गभर्नर शिवाकोटीद्वारा बैंक शाखा उद्घाटन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले २०७५ भदौ १९ गते काठमाडौंको ठमेलमा आयोजित एक कार्यक्रमा मुक्तिनाथ विकास बैंक लि. ठमेल शाखाको उद्घाटन गर्नुभयो ।

समारोहमा उहाँले देशको आर्थिक विकासमा बैंकिङ क्षेत्रको योगदान महत्वपूर्ण हुने कुरा बताउँदै नियामक निकायको निर्देशन भित्र रही बैंक तथा वित्तीय संस्थाहरूले ग्राहकहरूलाई सहज र सुलभ सेवा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।



पर्यटकीय क्षेत्र ठमेलमा मुक्तिनाथ विकास बैंक लि. को पनि शाखा स्थापना भएपछि त्यहाँका सेवाग्राहीहरूका लागि बैंक तथा वित्तीय संस्थाहरूको सेवामा छनौटको थप अवसर सिर्जना भएको चर्चा गर्दै उहाँले यसबाट बैंक तथा वित्तीय संस्थाहरूको सेवामा प्रतिस्पर्धा वृद्धि हुने धारणा व्यक्त गर्नु भयो ।

सो अवसरमा उहाँले देशको बदलिँदो परिवेश र उद्यमशीलताको विकासका लागि बजारको माग बमोजिमको सेवा प्रदान गरी व्यावसायिक सफलता हासिल गर्नमा मुक्तिनाथ विकास बैंक सफल होस् भन्ने शुभकामना दिनुभयो ।

कार्यक्रममा मुक्तिनाथ विकास बैंक लि.का कार्यकारी प्रमुख प्रद्युम्न पोखरेलले बैंकको विगतको इतिहास, हाल भइरहेको काम कारवाहीको स्थिति एवम् प्रगति र भविष्यको योजना तथा रणनीतिका बारेमा जानकारी दिनु भएको थियो । बैंकले सफल उद्यमशीलताको विकास गरी राष्ट्र निर्माणमा योगदान गर्ने र त्यसका लागि राष्ट्रिय आवश्यकता बमोजिमको रणनीतिक तादाम्यता कायम गर्दै अगाडि बढ्ने लक्ष्य बैंकले राखेको उहाँले बताउनु भयो ।

कार्यक्रममा बैंकका सञ्चालकहरू, डेपुटी सिइओ, कर्मचारीहरू, ठमेल क्षेत्रका व्यवसायीहरू, सुरक्षा निकायका प्रतिनिधि, स्थानीय बुद्धिजीवी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले लुम्बिनी विकास बैंक लि.को ७३ औं शाखाको रुपमा विराटनगरमा स्थापित शाखा कार्यालयको २०७५ भदौ ८ गते एक समारोहका बीच उद्घाटन गर्नुभयो ।

सो अवसरमा मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर शिवाकोटीले नयाँ बैंक शाखा स्थापनासँगै स्थानीय क्षेत्रको आर्थिक विकासमा टेवा पुग्ने र बैंकिङ सेवा छनौटको अवसर प्राप्त हुने विचार व्यक्त गर्नुभयो । नयाँ संविधान प्राप्तिसँगै तीन तहको सरकारको निर्वाचन सम्पन्न भई देश आर्थिक समृद्धितर्फ अघि बढिरहेको चर्चा गर्दै उहाँले उद्यमशीलता विकास, रोजगारी सिर्जना र बचत तथा रेमिट्यान्सको सही परिचालन मार्फत आर्थिक विकासमा लाग्नु पर्ने आवश्यकता औंल्याउनु भयो । साथै, उहाँले सबैले पैसा बचत गर्ने बानीको विकास गर्नु पर्ने र पैसाको सही सदुपयोगको लागि वित्तीय रुपमा साक्षर हुन जरुरी रहेको बताउनु भयो ।

लुम्बिनी विकास बैंक लि.का अध्यक्ष रमेश उपाध्यायको सभापतित्वमा सम्पन्न उक्त समारोहमा कार्यकारी अधिकृत कृष्णराज लामिछानेले स्वागत मन्तव्य र नवस्थापित शाखाका प्रवन्धक प्रवल श्रेष्ठ र स्थानीय बुद्धिजीवी सुरेश शर्माले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

समारोहमा विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्य, एनआईसी एसिया बैंकका अध्यक्ष तुलसीराम अग्रवाल, प्रहरी नायक उपरीक्षक नरेन्द्र कार्की लगायत स्थानीय उद्योगी, व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी तथा बैंकका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले २०७५ भदौ ८ गते एनआईसी एसिया बैंक लि.को विराटनगरस्थित १ नं प्रदेश कार्यालय र शाखा कार्यालयको अवलोकन भ्रमण गर्नुभयो । उक्त बैंकको १ नं. प्रदेश कार्यालयमा आयोजित अन्तरक्रिया कार्यक्रममा उहाँ प्रमुख अतिथिको रुपमा सहभागी हुनुभयो ।

सो अवसरमा उहाँले बैंक तथा वित्तीय संस्थाहरूले केन्द्रीय बैंकबाट जारी नियमन व्यवस्था पालना गर्दै सेवाग्राहीहरूलाई सन्तुष्ट हुने गरी सेवा प्रवाह गर्नु पर्नेमा जोड दिँदै सहभागीहरूले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

## डेप्टी गभर्नर शिवाकोटी सम्मानित

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी ओझा बन्धु कुल बंश उद्धार तथा उत्थान एकता प्रतिष्ठानद्वारा सम्मानित हुनु भएको छ । उक्त प्रतिष्ठानले २०७५ भदौ ९ गते दमकमा आयोजना गरेको कार्यक्रममा उहाँलाई प्रतिष्ठानको तर्फबाट प्रदेश नं. १ का सांसद राजकुमार ओझाले दोसल्ला ओढाई सम्मानपत्र प्रदान गर्नुभयो ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर शिवाकोटीले नेपाल राष्ट्र बैंकले देशको आर्थिक, वित्तीय, मौद्रिक तथा बैंकिङ क्षेत्रको सुसञ्चालनका लागि आवश्यक पर्ने नीति निर्माण गर्ने र विश्लेषण गर्ने गरेको बताउनु भयो ।

वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स रकम सबै खर्च नगरेर भविष्यका लागि बचत गर्ने बानी बसाल्नु पर्ने धारणा व्यक्त गर्दै उहाँले बालबालिकाहरूमा बचत गर्ने बानीको विकास गर्न अभिभावकहरूले सानै उमेरदेखि तिनीहरूको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोली दिनु पर्ने बताउनु भयो ।

प्रतिष्ठानका अध्यक्ष देवीप्रसाद ओझाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रतिष्ठानका सदस्यहरूको उपस्थिति रहेको थियो ।

# आर्थिक वर्ष २०७४/७५ मा नेपालको बाह्य स्थिति

नेपाल राष्ट्र बैंक अनुसन्धान विभागले आर्थिक वर्ष २०७४/७५ को आर्थिक तथा वित्तीय स्थितिको प्रतिवेदन सार्वजनिक गरेको छ । सो प्रतिवेदन अनुसार समीक्षा वर्षमा व्यापार घाटा बढ्दो क्रममा रहेको, विप्रेषण आप्रवाह नघटे पनि वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या घटेको, चालु खाता घाटामा रहेको र नेपाली रूपैयाँ अवमूल्यन भएको छ।

## वस्तु व्यापार घाटा

आर्थिक वर्ष २०७४/७५ मा नेपालको कुल वस्तु व्यापार घाटा २६.७ प्रतिशतले विस्तार भई रु.११ खर्ब ६१ अर्ब ६४ करोड पुगेको छ। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ६.५ प्रतिशत कायम भएको छ जुन अघिल्लो वर्षको सोही अवधिमा ७.४ प्रतिशत रहेको थियो।

## वस्तु निर्यात

समीक्षा अवधिमा कुल वस्तु निर्यात ११.१ प्रतिशतले वृद्धि भई रु.८१ अर्ब १९ करोड पुगेको छ। अघिल्लो वर्ष निर्यात ४.२ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारततर्फ १२.४ प्रतिशतले, चीनतर्फ ४३.३ प्रतिशतले र अन्य मुलुकतर्फ ७.५ प्रतिशतले निर्यात बढेको छ । वस्तुगत आधारमा अलैंची, पोलिस्टर यार्न, जुटको बोरा, जस्तापाता, धागो लगायतका वस्तुको निर्यात बढेको छ भने जि.आई पाइप, जुटको डोरी, जुस, उनी गलैंचा, पश्मिना लगायतका वस्तुहरूको निर्यात घटेको छ।

## वस्तु आयात

समीक्षा अवधिमा कुल वस्तु आयात २५.५ प्रतिशतले बढेर रु.१२ खर्ब ४२ अर्ब ८३ करोड पुगेको छ। अघिल्लो वर्ष आयात २८ प्रतिशतल बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात २७.८ प्रतिशतले, चीनबाट भएको आयात २५.५ प्रतिशतले र अन्य मुलुकबाट भएको आयात १९.३ प्रतिशतले बढेको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्ट पूर्जा, अन्य मेसिनरी तथा पार्ट पूर्जा, एम.एस. बिलेट, हट रोल सिट इन क्वाइल लगायतका वस्तुको आयात बढेको छ भने कृषि औजार तथा पार्ट पूर्जा, सेनिटरी वेयर्स, खाने तेल, सानो अलैंची, जिङ्क इनगोट लगायतका वस्तुहरूको आयात घटेको छ।

भन्सार नाकाका आधारमा वीरगञ्ज भन्सार कार्यालय, कृष्णनगर भन्सार कार्यालय र कञ्चनपुर भन्सार कार्यालयबाट भएको निर्यातमा ह्रास आएको छ भने अन्य भन्सार नाकाहरूबाट भएको निर्यातमा वृद्धि भएको छ । त्यसै गरी, आयाततर्फ सुख्खा बन्दरगाहा भन्सार कार्यालय र कञ्चनपुर भन्सार कार्यालयबाट भएको आयातमा कमी आएको छ भने अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ।

## निर्यात आयात मूल्य सूचकांक

आर्थिक वर्ष २०७४/७५ को वार्षिक भन्सार तथ्यांकमा आधारित निर्यातको एकाइ मूल्य सूचकांक (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा २०७५ असारमा १०.३ प्रतिशतले बढेको र आयात मूल्य सूचकांक १२.५ प्रतिशतले वृद्धि भएकोले व्यापारको शर्त (Terms of Trade) मा २ प्रतिशतले ह्रास आएको छ। अघिल्लो वर्ष यो १.२ प्रतिशतले घटेको थियो । कार्पेट, पश्मिना, अलैंची, चियापत्ती, कत्था, लगायतका वस्तुहरूको मूल्य बढेको कारण निर्यात मूल्य सूचकांक वृद्धि भएको हो भने पेट्रोलियम पदार्थ, सवारी साधन, टायर, रेफ्रिजेरेटर, ल्यापटप लगायतका वस्तुहरूको मूल्यमा वद्धि भएका कारण आयात मूल्य सूचकांक बढेको हो।

## सेवा

समीक्षा वर्षमा कुल सेवा आय १२.१ प्रतिशत र कुल सेवा खर्च १२.९ प्रतिशतले बढेको कारण खुद सेवा आय रु.२ अर्ब ७ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष यस्तो बचत रु.२ अर्ब ८९ करोड रहेको थियो। सेवा खाता अन्तर्गत भ्रमण आय १४.६ प्रतिशतले वृद्धि भई रु.६७ अर्ब ९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय ४०.१ प्रतिशतले बढेको थियो । त्यसै गरी भ्रमण खर्च ०.४ प्रतिशतले कमी आई रु.७९ अर्ब ६० करोडमा सीमित भएको छ। अघिल्लो वर्ष यस्तो खर्च ४१.७ प्रतिशतले बढेको थियो।

## विप्रेषण आप्रवाह

समीक्षा वर्षमा विप्रेषण आप्रवाह ८.६ प्रतिशतले वृद्धि भई रु.७ खर्ब ५५ अर्ब ६ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ४.६ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्ष २६.३ प्रतिशत रहेको विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात समीक्षा वर्षमा २५.१ प्रतिशत रहेको छ।

समीक्षा अवधिमा खुद ट्रान्सफर आप्रवाह १.५ प्रतिशतले बढी रु.८ खर्ब ६४ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय ९.५ प्रतिशतले बढेको थियो।

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या

| क) संस्थागत तथा व्यक्तिगत (नयाँ र वैद्यानीकरण) | कामदारको संख्या | | | देशगत हिस्सा | | |
|---|---|---|---|---|---|---|
| देश | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
| मलेसिया | ६०९७९ | ९८४३७ | १०४२०७ | १४.६ | २४.७ | २९.० |
| कतार | १२९०३८ | १२५८९२ | १०३१७४ | ३०.८ | ३१.६ | २८.८ |
| संयुक्त अरब इमिरेटस् | ५२७९३ | ५६५२६ | ६०२४३ | १२.६ | १४.२ | १६.८ |
| साउदी अरब | १३८५२९ | ७६८८४ | ४०९६३ | ३३.१ | १९.३ | ११.४ |
| कुवेत | १००४९ | १३५७६ | १७५५५ | २.४ | ३.४ | ४.९ |
| बहराइन | ३१४६ | ४००७ | ४८६२ | ०.८ | १.० | १.४ |
| दक्षिण कोरिया | ७४३२ | ५८०४ | ४८३२ | १.८ | १.५ | १.३ |
| ओमान | ३०५९ | ३१८६ | ३०५९ | ०.७ | ०.८ | ०.९ |
| अफगानिस्तान | १४१९ | १३८१ | १४४२ | ०.३ | ०.३ | ०.४ |
| जापान | ३८४४ | २२५१ | ७६१ | ०.९ | ०.६ | ०.२ |
| इजरायल | १८९ | १३० | १२२ | ०.० | ०.० | ०.० |
| लेबनान | १६७ | १४० | २२ | ०.० | ०.० | ०.० |
| अन्य | ८०६९ | १०७६४ | १७५७३ | १.९ | २.७ | ४.९ |
| कुल | ४१८७१३ | ३९८९७८ | ३५८८१५ | १०० | १०० | १०० |
| प्रतिशत परिवर्तन | -१८.४ | -४.७ | -१०.१ | | - | - |
| ख) पुनः श्रम स्वीकृति | | | | | | |
| पुनः श्रम स्वीकति | २३८०९८ | २६०२५२ | २५८६०२ | – | – | – |
| प्रतिशत परिवर्तन | १५.५ | ९.३ | -०.६ | – | – | – |

स्रोतः वैदेशिक रोजगार विभाग

श्रम स्वीकृति (पुनः श्रम स्वीकृति बाहेक) को आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७४/७५ मा अघिल्लो वर्षको तुलनामा १०.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष यस्तो सख्या ४.७ प्रतिशतले घटेको थियो ।

समीक्षा वर्षमा मलेसिया, संयुक्त अरब इमिरेटस्, कुवेत लगायतका देशमा जाने कामदारको संख्यामा वृद्धि भएको छ भने साउदी अरेबिया, कतार लगायतका देशमा जाने कामदारको संख्यामा गिरावट आएको छ ।

## चालु खाता एवम शोधनान्तर स्थिति

अघिल्लो वर्ष रु.१० अर्ब १३ करोडले घाटामा रहेको चालु खाता समीक्षा वर्षमा अझ विस्तार भई रु.२ खर्ब ४५ अर्ब २२ करोड घाटा हुन पुगेको छ। पेट्रोलियम पदार्थ, यातायातका साधन तथा औद्योगिक सामाग्री लगायतको उच्च आयातका कारण चालु खाता उल्लेख्य घाटामा रहेको हो। त्यसै गरी, अघिल्लो वर्ष रु.८२ अर्ब ११ करोडले बचतमा रहेको समग्र शोधनान्तर स्थिति समीक्षा वर्षमा रु.९६ करोडले बचतमा रहेको छ।

समीक्षा वर्षमा पुंजीगत ट्रान्सफर रु.१७ अर्ब ७२ करोड रहेको छ । अघिल्लो वर्षमा यस्तो आप्रवाह रु.१३ अर्ब ३६ करोड रहेको थियो ।

समीक्षा वर्षमा रु.१७ अर्ब ५१ करोडको प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह भएको छ। अघिल्लो वर्ष यो रु.१३ अर्ब ५० करोड रहेको थियो । समीक्षा वर्षमा भएको वैदेशिक लगानी आप्रवाहको अधिकांश हिस्सा ऊर्जा, सिमेन्ट, होटल लगायतका उद्योगहरूमा भएको छ।

## विदेशी विनिमय सञ्चिति


नेपालको कुल विदेशी विनिमय सञ्चिति २०७४ असार मसान्तको रु.१० खर्ब ७९ अर्ब ४३ करोडमा २.१ प्रतिशतले वृद्धि भई २०७५ असार मसान्तमा रु.११ खर्ब २ अर्ब ५९२९करोड पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चिति मध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७४ असार मसान्तको रु.९ खर्ब २७ अर्ब २७ करोडको तुलनामा २०७५ असार मसान्तमा ६.७ प्रतिशतले वृद्धि भई रु.९ खर्ब ८९ अर्ब ४० करोड रहेको छ । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २३.८ प्रतिशत रहेको छ।

| बाह्य क्षेत्रको स्थिति (कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात) | | | | |
|---|---|---|---|---|
| विवरण | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | औसत |
| वस्तु निर्यात | ३.१ | २.८ | २.७ | २.९ |
| वस्तु आयात | ३४.३ | ३७.५ | ४१.३ | ३७.७ |
| व्यापार सन्तुलन | -३१.२ | -३४.७ | -३८.६ | -३४.९ |
| कुल व्यापार | ३७.४ | ४०.२ | ४४.० | ४०.६ |
| भ्रमण आय | १.९ | २.२ | २.२ | २.१ |
| विप्रेषण आप्रवाह | २९.५ | २६.३ | २५.१ | २७.० |
| चालु खाता सन्तुलन | ६.२ | -०.४ | -८.२ | -०.८ |
| विदेशी विनिमय सञ्चिति | ४६.१ | ४०.८ | ३६.७ | ४१.२ |

## सञ्चिति पर्याप्तता सूचकहरू

आर्थिक वर्ष २०७४/७५ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १०.८ महिनाको वस्तु आयात र ९.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । २०७५ असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्रा प्रदायसँगका अनुपातहरू क्रमशः ३६.७ प्रतिशत, ७८.६ प्रतिशत र ३५.६ प्रतिशत रहेका छन् । २०७४ असार मसान्तमा यस्ता अनुपातहरू क्रमशः ४०.८ प्रतिशत, ९५.२ प्रतिशत र ४१.६ प्रतिशत रहेका थिए।




## वैदेशिक सम्पत्ति तथा दायित्व स्थिति

२०७५ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु.११ खर्ब ३८ अर्ब २४ करोड तथा दायित्व रु.८ खर्ब १९ अर्ब ९७ करोड रहेको छ । फलस्वरुप खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति (IIP) रु.३ खर्ब १८ अर्ब २७ करोड रहेको छ। २०७४ असार मसान्तमा यस्तो रकम रु.४ खर्ब ३० अर्ब ७६ करोड रहेको थियो।

## कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७४ असार मसान्तमा प्रति ब्यारेल अमेरिकी डलर ४७.८९ रहेकोमा २०७५ असार मसान्तमा ४८.३ प्रतिशतले वृद्धि भई प्रति ब्यारेल अमेरिकी डलर ७१.०३ कायम भएको छ। त्यसै गरी, २०७४ असार मसान्तमा सुनको मूल्य प्रति आउन्स अमेरिकी डलर १,२३०.३० रहेकोमा २०७५ असार मसान्तमा ०.९ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १,२४१.१० कायम भएको छ।

## विनिमय दर

२०७४ असार मसान्तको तुलनामा २०७५ असार मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ५.९ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्ष नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.८ प्रतिशतले अधिमूल्यन भएको थियो । २०७५ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१०९.३४ पुगेको छ । २०७४ असार मसान्तमा उक्त विनिमय दर रु.१०२.८६ रहेको थियो ।

# विदेशी विनिमय व्यवस्थापन र व्यवस्थापन विकास सम्बन्धी तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०७५ भदौ २० देखि २२ गतेसम्म केन्द्रको सभाहल थापाथली, काठमाडौंमा विदेशी विनिमय व्यवस्थापन (Foreign Exchange Management) विषयक तालिम सम्पन्न गर्‍यो ।

केन्द्रले २०७५ भदौ २२ गते केन्द्रको फ्याकल्टी बोर्डका संयोजक एवम् डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा सो तालिमको समापन समारोह आयोजना गर्‍यो ।

समारोहमा उहाँले नेपाल राष्ट्र बैंकले कार्यान्वयन गरिरहेका ऐनहरू तथा निर्देशनको महत्वबारे चर्चा गर्नुभयो । सो अवसरमा उहाँले अनौपचारिक माध्यमबाट कारोबार गर्दा उच्च जोखिम हुने बताउँदै नेपाली मुद्राको अवमूल्यनबाट आउने चुनौती तथा Foreign Direct Investment प्राप्त गर्दा देखिने समस्या प्रष्ट पार्नुभयो ।

विदेशी मुद्राको कारोबार र रकम देश भित्र र देश बाहिर ल्याउने लैजाने नीतिगत व्यवस्थाको बारेमा सर्वसाधारणलाई जानकारी हुनुपर्ने भएकोले नेपाल राष्ट्र बैंकका सबै कर्मचारीहरूले समेत यसको अद्यावधिक जानकारी राख्नुपर्ने चर्चा गर्दै उहाँले तालिमबाट सिकेका ज्ञान प्रभावकारी ढंगले अन्यलाई पनि बाँड्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा केन्द्रका कायम मुकायम निर्देशक मुक्तिनाथ सापकोटाले तालिमसँग सम्बन्धित विविध पक्षहरूको चर्चा गर्दै कार्यक्रममा उठेका जिज्ञासाको जवाफ दिनु भएको थियो ।

उक्त तालिमको शुभारम्भ २०७५ भदौ २० गते विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भीष्मराज ढुंगानाले गर्नुभएको थियो ।

सो अवसरमा केन्द्रका कायम मुकायम निर्देशक सापकोटाले तालिम कार्यक्रमको उद्देश्य तथा महत्वमाथि प्रकाश पार्नुभएको थियो ।

उक्त तालिममा विदेशी विनिमय व्यवस्थापन विभाग र बैंकिङ कार्यालयका स्रोत व्यक्तिहरूले वार्ता प्रस्तुत गर्दै प्रशिक्षण दिनुभएको थियो । तालिममा Foreign Exchange Related Acts & Bylaws, Major Circulars to Foreign Exchange Management, Licensing & Renewal Process, Inspection, Supervision and Reporting, Operational Issues of Forex in Banking Office and Regional Offices विषयका वार्ता प्रस्तुत भएको थियो ।

बैंकको उपत्यका भित्र र बाहिरका कार्यालयहरूका अधिकृत स्तरका १३ जना र सहायक स्तरका १६ जना कर्मचारीहरूको सहभागिता रहेको उक्त तालिम कार्यक्रमको संयोजक केन्द्रका सहायक निर्देशक श्रुति सिंह रहनु भएको थियो ।

यस अघि केन्द्रले २०७५ भदौ ३ देखि ८ गतेसम्म अधिकृत स्तरीय व्यवस्थापन विकास कार्यक्रम (Management Development Program) विषयक तालिम आयोजना गरेको थियो ।



व्यवस्थापन विकास कार्यक्रम विषयक तालिमका सहभागीहरू

बैंकका अधिकृतहरूको नेतृत्व क्षमता थप प्रभावकारी बनाउने मूल उद्देश्यले आयोजित उक्त तालिम कार्यक्रमको विषयवस्तुमा सफल तथा प्रभावकारी नेतृत्वका आधार भूत, अवधाराणात्मक र व्यावहारिक पक्षहरू समावेश गरिएको थियो ।

तालिममा नेपाल राष्ट्र बैंकका वरिष्ट अधिकृतहरू एवम् नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अनुभवी प्रशिक्षकहरूले Self Development, Leading People, Leading Change तथा Leading for Results अन्तर्गत तनाव व्यवस्थापन, सकारात्मक मनोवृत्ति, कर्मचारी उत्प्रेरणा, विवाद व्यवस्थापन, कार्यबल विविधता, संस्थागत सुशासन, Learning Organization, संस्थागत विकास लगायतका विषयमा वार्ता प्रस्तुत गर्दै प्रशिक्षण दिनु भएको थियो । तालिमका विभिन्न सत्रमा नेपाल राष्ट्र बैंकले वर्तमान समयमा व्यवस्थापकीय सीपमा ध्यान दिनु पर्ने पक्षहरूका बारेमा बहुआयामिक परिप्रेक्ष्यबाट छलफल गरिएको थियो ।

तालिमको अन्तिम दिन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ निर्देशक नारायणगोपाल मलेगो तथा नेपाल वायु सेवा निगमका प्रवन्ध निर्देशक सुगतरत्न कंसाकारले सार्वजनिक तथा निजी क्षेत्रमा नेतृत्व गर्दाका आफ्ना अनुभवहरू आदानप्रदान गर्नुका साथै सम्बन्धित विषयमा प्रशिक्षार्थीहरूले राखेका जिज्ञासाको जवाफ दिनु भएको थियो ।

केन्द्रले जनशक्ति व्यवस्थापन विभागका निर्देशक तुलसीप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा २०७५ भदौ ८ गते सो तालिमको समापन समारोहको आयोजना गरेका थियो । सो अवसरमा उहाँले व्यवस्थापन विकास तालिम बैंकको लागि सान्दर्भिक र उपयोगी भएको बताउनु भएको थियो ।

कार्यक्रममा केन्द्रका कायम मुकायम निर्देशक सापकोटाले तालिमसँग सम्बन्धित विविध पक्षहरूका बारेमा सहभागीहरूबाट प्राप्त प्रतिक्रिया एवम् सुझावहरूका आधारमा तयार गरिएको संक्षिप्त रिपोर्ट प्रस्तुत गर्नुका साथै कार्यक्रममा उठेका जिज्ञासाको जवाफ दिनु भएको थियो ।

तालिमको पहिलो दिन केन्द्रका निर्देशक सापकोटाले तालिमको उद्देश्य तथा महत्व माथि प्रकाश पार्दै नेपाल राष्ट्र बैंकका विभिन्न विभाग तथा कार्यालयहरूमा कार्यरत मध्यम तहका व्यवस्थापकहरूको वर्तमान आवश्यकतालाई आधार बनाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको सहकार्यमा तालिमको पाठ्यक्रम तर्जुमा गरिएको जानकारी दिनुभएको थियो ।

बैंकका विभिन्न विभाग तथा कार्यालयहरूका ९ जना उपनिर्देशक र २१ जना सहायक निर्देशक गरी ३० जनाको सहभागिता रहेको उक्त तालिमको संयोजक केन्द्रका सहायक निर्देशक सिर्जना श्रेष्ठ रहनु भएको थियो ।

# सन्धिखर्क, बुटवल, दार्चुला र डडेल्धुरामा मूल्य तथ्याङ्क गोष्ठी

अनुसन्धान विभाग, मूल्य महाशाखाले अर्घाखाँची जिल्लाको सन्धिखर्क बजार केन्द्रमा २०७५ भदौ २ गते र रुपन्देही जिल्लाको बुटवल बजार केन्द्रमा २०७५ भदौ ४ गते मूल्य तथ्यांक गोष्ठी सम्पन्न गऱ्यो ।

सिद्धार्थनगर कार्यालयका निर्देशक




अशोककुमार पौडेल विशेष अतिथि रहनु भएको उक्त कार्यक्रम अनुसन्धान विभागका कायम मुकायम निर्देशक हिमप्रसाद न्यौपानेको सभापतित्वमा सम्पन भएको थियो ।

कार्यक्रममा निर्देशक पौडेलले नेपाल राष्ट्र बैंकले लिएका नीतिहरूको कार्यान्वयनबाट जनजीविकामा सकारात्मक प्रभाव पर्ने बताउँदै मुलुकको आर्थिक तथा वित्तीय क्षेत्रको विकासमा बैंक तथा वित्तीय संस्थाहरूको भूमिका महत्वपूर्ण रहने चर्चा गर्नुभयो ।

यसै गरी कार्यक्रममा कायम मुकायम निर्देशक न्यौपानेले मूल्य स्थिरता, समग्र मूल्य सूचकांक लगायत मूल्य तथ्यांकसँग सम्बन्धित विविध पक्षहरूका बारेमा चर्चा गर्नुभयो । साथै, उहाँले कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ दिनु भएको थियो ।

सन्धिखर्क बजार केन्द्रमा आयोजित कार्यक्रमका प्रमुख आतिथि नेपाल उद्योग वाणिज्य संघ, सन्धिखर्क, अर्घाखाँचीका वरिष्ठ उपाध्यक्ष नेत्रप्रसाद भुसालले नेपाल राष्ट्र बैंकले संकलन गर्दै आएको मूल्य तथ्यांकले मुलुकको समग्र मुद्रास्फीति मापन गर्ने भएकोले यसका लागि आवश्यक मूल्य तथ्यांक उपलब्ध गराई सबैले सहयोग गर्नु पर्ने धारणा व्यक्त गर्नुभयो ।

बुटवल बजार केन्द्रमा सम्पन्न कार्यक्रममा रुपन्देही व्यापार संघका वरिष्ठ उपाध्यक्ष यमलाल लोहनी प्रमुख आतिथि र बुटवल खुद्रा किराना व्यवसायी संघका अध्यक्ष गंगाधर न्यौपाने अतिथि हुनुहुन्थ्यो । कार्यक्रममा उहाँहरूले नेपाल राष्ट्र बैंकलाई मूल्य तथ्यांक उपलब्ध गराउँदा व्यवसायीलाई कुनै क्षति र अहित नहुने भएकोले बैंकले मागेको समयमा बिना हिच्किचाहट यथार्थ मूल्य तथ्यांक उपलब्ध गराउन आग्रह गर्नु भएको थियो ।

कार्यक्रमको सुरुमा अनुसन्धान विभागका उपनिर्देशक गिरिजाप्रसाद कोइरालाले गोष्ठी आयोजना गर्नुको औचित्य माथि प्रकाश पार्दै नेपाल राष्ट्र बैंकले सन्धिखर्क र बुटवल बजार केन्द्र लगायत नेपालभरिका ६० वटा बजार केन्द्रहरूबाट मूल्य तथ्यांक संकलन गर्ने गरेको बताउनु भयो । साथै, उहाँले मूल्य तथ्यांकको महत्व, उपयोगिता एवम् मूल्य तथ्यांक सम्बन्धी अन्य विषयहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

स्थानीय मूल्य तथ्यांक प्रदायक व्यापारी, उद्योगी, व्यवसायी तथा बुद्धिजीवीहरूको सहभागिता रहेको ती दुवै कार्यक्रमको सञ्चालन अनुसन्धान विभागका सहायक निर्देशक सुन्दर खड्काले गर्नु भएको थियो ।

अनुसन्धान विभाग, मूल्य महाशाखाले दार्चुलाको दार्चुला-खलंगा बजार केन्द्र र डडेल्धुराको अमरगढी बजार केन्द्रमा क्रमशः २०७५ भदौ ३० र असोज १ गते धनगढी कार्यालयका निर्देशक किरण पण्डितको सभापतित्वमा मूल्य तथ्यांक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै निर्देशक पण्डितले बैंकको काम कारवाहीले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा जनतालाई सेवा पुऱ्याइरहेको बताउनु भयो ।

अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तयार गर्ने र सो नीतिको कार्यान्वयनबाट सर्वसाधारणको जनजीविकामा सकारात्मक प्रभाव पार्नुका साथै मुलुकको आर्थिक तथा वित्तीय क्षेत्रको विकासमा केन्द्रीय बैंकले महत्वपूर्ण भूमिका खेल्ने चर्चा गर्दै उहाँले यी कार्य सहज रुपमा सम्पादन गर्न बैंकले मूल्य संकलन गर्ने गरेको बताउनु भयो । साथै, उहाँले कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ दिनु भएको थियो ।

दार्चुला-खलंगा बजार केन्द्रमा सञ्चालित कार्यक्रममा दार्चुला उद्योग वाणिज्य संघका अध्यक्ष मंगलसिंह ठगुन्ना प्रमुख अतिथि हुनुहुन्थ्यो । कार्यक्रममा मन्तव्य व्यक्त गर्दै उहाँले पूर्वाधारको विकास नभई अन्य क्षेत्रको विकास नहुने र नेपाल राष्ट्र बैंकका काम कारबाहीहरू जनताको हित, उत्पादन वृद्धि, लगानी अभिप्रेरित, मूल्य वृद्धिको प्रभावबाट अर्थतन्त्रलाई जोगाउने एवम् आर्थिक विकासमा लक्षित हुने बताउनु भयो ।

अमरगढी बजार केन्द्रमा सम्पन्न कार्यक्रममा डडेल्धुरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष भोजराज भट्ट प्रमुख अतिथि रहनु भएको थियो । कार्यक्रममा उहाँले बैंकले संकलन गर्दै आएको मूल्य तथ्यांक मुलुकको समग्र मुद्रास्फीतिको मापन कार्यमा मात्र प्रयोग हुने र यसले व्यापारी व्यवसायीको अहित नहुने भएकोले सम्पूर्ण व्यवसायीहरूले बैंकले मागेको समयमा बिना हिच्किचाहट यथार्थ मूल्य तथ्यांक दिएर सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नु भएको थियो ।

उक्त दुवै कार्यक्रमको सुरुमा अनुसन्धान विभाग, मूल्य महाशाखाका उपनिर्देशक गिरिजाप्रसाद कोइरालाले अन्तरक्रिया आयोजना गर्नुको औचित्य पुष्टि गर्दै नेपाल राष्ट्र बैंकले दार्चुला-




खलंगा र अमरगढी बजार केन्द्रहरू लगायत नेपालभरिका ६० वटा बजार केन्द्रहरूबाट संकलन गरिने मूल्य तथ्यांकको उपयोगिता एवम् मूल्य तथ्यांक सम्बन्धी अन्य विषय समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सम्बन्धित बजार केन्द्रका स्रोत पसलधनीहरूको उपस्थिति रहेको उक्त कार्यक्रम सोही महाशाखाका सहायक निर्देशक सुन्दर खड्काले सञ्चालन गर्नु भएको थियो ।

## भट्ट अधिकृत विशिष्ट पदमा बढुवा

नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) मा भएको व्यवस्था बमोजिम वित्त कम्पनी सुपरिवेक्षण विभागका कायम मुकायम कार्यकारी निर्देशक ऋषिकेश भट्टलाई कार्यकारी निर्देशक पदमा बढुवा गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ । बैंक सुपरिवेक्षण विभागको निर्देशक पदमा कार्यरत उहाँलाई २०७५ भदौ ६ गतेदेखि लागू हुने गरी वित्त कम्पनी सुपरिवेक्षण विभागको कार्यकारी निर्देशकमा कायम मुकायम मुकर्रर गरिएको थियो ।

नेपाल राष्ट्र बैंक समाचार उहाँमा बधाई ज्ञापन गर्दछ ।

# वैदेशिक तालिममा सहभागिता

कार्यकारी निर्देशकद्वय बैंक तथा वित्तीय संस्था नियमन विभागका नारायणप्रसाद पौडेल तथा अनुसन्धान विभागका नरबहादुर थापा Alliance for Financial Inclusion ले २०१८ सेप्टेम्बर ५ देखि ७ सम्म रसियामा आयोजना गरेको 10th Global Policy Forum मा सहभागी हुनुभयो । उक्त कार्यक्रममा गभर्नरको कार्यालयका उपनिर्देशक प्रदीप भट्टराई पनि सहभागी हुनुहुन्थ्यो ।

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला २०१८ अगस्ट २९ देखि ३१ सम्म बुल्गेरियामा आयोजित Destruction Process of Materials Used & Wastage of Printing NRs 10 विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा सोही विभागका उपनिर्देशक (कम्प्यूटर) सिंहमान महर्जन पनि सहभागी हुनुहुन्थ्यो ।

बैंकिङ कार्यालयका कार्यकारी निर्देशक झलक शर्मा आचार्य र बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक बमबहादुर मिश्र People's Government of Tibet ले चीनको तिब्बतमा २०१८ सेप्टेम्बर ७ देखि ११ सम्म आयोजना गरेको Himalayan-Belt Road Corporation Forum मा सहभागी हुनुभयो । उक्त कार्यक्रममा सहायक निर्देशकहरू बैंकिङ कार्यालयका निर्मला त्रिपाठी, नेपालगञ्ज कार्यालयका लब्ली श्रीवास्तव, विदेशी विनिमय व्यवस्थापन विभागका केशरमान महर्जन र वीरगञ्ज कार्यालयका जीतेन्द्रनाथ झा पनि सहभागी हुनुहुन्थ्यो ।

जनशक्ति व्यवस्थापन विभागका निर्देशक तुलसीप्रसाद घिमिरे SEACEN ले २०१८ अगस्त २७ देखि २८ सम्म मलेसियामा आयोजना गरेको 2nd SEACEN HC Strategic Conference मा सहभागी हुनुभयो ।

वीरगञ्ज कार्यालयका निर्देशक रविन्द्र महर्जन र वित्त व्यवस्थापन विभागका सहायक निर्देशक पासाङ लामा थिङ Central Banking Publication ले २०१८ सेप्टेम्बर ५ देखि ६ सम्म सिंगापुरमा आयोजना गरेको 11th Annual National Asset-Liability Management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्य ISCB ले २०१८ सेप्टेम्बर ३ देखि ५ सम्म टर्कीमा आयोजना गरेको Making use of Big Data in Emerging Market विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंकर्स प्रशिक्षण केन्द्रका कायम मुकायम निर्देशक मुक्तिनाथ सापकोटा SEACEN ले २०१८ सेप्टेम्बर १४ देखि १६ सम्म थाइल्याण्डमा आयोजना गरेको SEACEN-BIS High Level Seminar & 17th Meeting of SEACEN Executive Committee मा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कायम मुकायम निर्देशक वीरेन्द्रदत्त अवस्थी IBFI ले २०१८ सेप्टेम्बर ५ देखि ७ सम्म फ्रान्समा आयोजना गरेको Transforming a Central Bank विषयक तालिममा सहभागी हुनुभयो ।

उपनिर्देशकद्वय अनुसन्धान विभागका विज्ञानराज सुवेदी तथा जनकपुर कार्यालयका माधव दंगाल IMF-STI ले २०१८ अगष्ट २७ देखि सेप्टेम्बर ७ सम्म सिंगापुरमा आयोजना गरेको Financial Sector Policies विषयक तालिममा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका उपनिर्देशक इन्द्रा चम्लागाईं (मैनाली) Dutche Bundesbank ले २०१८ अगष्ट २७ देखि ३१ सम्म जर्मनीमा आयोजना गरेको Human Resource Management विषयक तालिममा सहभागी हुनुभयो ।

उपनिर्देशकहरू वीरगञ्ज कार्यालयका निश्चल अधिकारी तथा नेपालगञ्ज कार्यालयका गुणराज भट्ट Bank of Korea ले २०१८ सेप्टेम्बर ३ देखि ७ सम्म कोरियामा आयोजना गरेको Bayesian Methods for Imperial Macroeconomics विषयक तालिममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक वासुदेव भट्टराई BIS ले २०१८ सेप्टेम्बर १७ देखि २१ सम्म थाइल्याण्डमा आयोजना गरेको BIS-Asian Reserve Management Workshop मा सहभागी हुनुभयो ।

आन्तरिक लेखापरीक्षण विभागका उपनिर्देशक अशोक घिमिरे तथा सहायक निर्देशकहरू नृसिंहहरि दाहाल, साधुराम तिमिल्सिना र सुमनकुमार नेपाल Bank of Korea ले २०१८ सेप्टेम्बर ४ देखि ७ सम्म कोरियामा आयोजना गरेको Internal Audit & Management विषयक तालिममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशक रञ्जना पौडेल तथा सहायक निर्देशकहरू सोही विभागका सानुभाइ महर्जन, विपिनकुमार महतो, डा. गणेशप्रसाद गौतम र बैंकिङ कार्यालयका अबन्तिका रिमाल IMF-SARTTAC ले २०१८ सेप्टेम्बर १० देखि ११ सम्म भुटानमा आयोजना गरेको Modernization of Monetary Policy Frameworks विषयक कार्यशालामा सहभागी हुनुभयो ।

भुक्तानी प्रणाली विभागका उपनिर्देशक कृष्णप्रसाद शर्मा ISCB ले २०१८ सेप्टेम्बर १० देखि १३ सम्म टर्कीमा आयोजना गरेको Payment Systems and Instruments विषयक सेमिनारमा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक कृष्णप्रसाद गौतम र वित्तीय जानकारी एकाइका सहायक निर्देशक रविन्द्र भट्टराई FATF ले २०१८ सेप्टेम्बर ३ देखि ७ सम्म कोरियामा आयोजना गरेको FATF Standards Training मा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका उपनिर्देशक चन्द्रमणि निरौला र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक यज्ञ श्रेष्ठ Korea Financial Intelligence Unit ले २०१८ सेप्टेम्बर ३ देखि ५ सम्म कोरियामा आयोजना गरेको APG Regional Pre-ME Workshop मा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक दिपक अधिकारी तथा सहायक निर्देशकहरू सोही विभागका कृष्णबहादुर श्रेष्ठ, बैंकिङ कार्यालयका दिलिपकुमार विश्वकर्मा र वित्त व्यवस्थापन विभागका दीर्घबहादुर थापा SEACEN ले २०१८ अगष्ट २७ देखि ३१ सम्म कोरियामा आयोजना गरेको Payment Systems Operations विषयक तालिममा सहभागी हुनुभयो ।

वीरगञ्ज कार्यालयका उपनिर्देशक श्यामराज त्रिपाठी तथा सहायक निर्देशकहरू पोखरा कार्यालयका ऋषिराम ढकाल, विकास

बैंक सुपरिवेक्षण विभागका श्यामप्रसाद ढकाल र बैंक तथा वित्तीय संस्था नियमन विभागका रविन्द्रप्रसाद सापकोटा SEACEN ले २०१८ सेप्टेम्बर १० देखि १४ सम्म फिलिपिन्समा आयोजना गरेको Financial Cycles and Crisis विषयक तालिममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशकहरू मित्रप्रसाद तिम्सिना र मनोजकुमार के.सी. IMF-SARTTAC ले २०१८ सेप्टेम्बर १० देखि १४ सम्म भारतमा आयोजना गरेको Course on Managing Capital Flows विषयक तालिममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका ईश्वर पन्त र प्रकाशकुमार धिताल, विराटनगर कार्यालयका शंकर वस्ती तथा वित्त कम्पनी सुपरिवेक्षण विभागका राजेश घिमिरे SEACEN ले २०१८ सेप्टेम्बर ११ देखि १४ सम्म थाइल्याण्डमा आयोजना गरेको Corporate Governance of Banks: Evaluating, Culture and Conduct विषयक तालिममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू विदेशी विनिमय व्यवस्थापन विभागका अरुणकुमार शाह र प्रल्हाद खड्का तथा बैंकिङ कार्यालयका दिलिपकुमार कोर्माचा Thomson Reuters ले २०१८ सेप्टेम्बर १० देखि १२ सम्म भारतमा आयोजना गरेको Specialized Training Program मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक सुधा दुलाल आचार्य आईएमएफले २०१८ सेप्टेम्बर १० देखि २१ सम्म अमेरिकामा आयोजना गरेको Monetary & Financial Statistics विषयक तालिममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक ईश्वरी लुइँटेल BIS ले २०१८ अगष्ट २० देखि २४ सम्म स्वीट्जरल्याण्डमा आयोजना गरेको Assets Allocation विषयक तालिममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू बैंकिङ कार्यालयका रविन शर्मा भेटवाल तथा वित्त व्यवस्थापन विभागका विष्णुप्रसाद उपाध्याय Bank of Indonesia ले २०१८ अगष्ट २७ देखि २८ सम्म इण्डोनेसियामा आयोजना गरेको Central Bank Finance विषयक तालिममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका सहायक निर्देशकहरू जनककुमार राजलवट, गणेशप्रसाद न्यौपाने, शान्तीप्रसाद पाण्डे तथा तीर्थराज ओझा CIMB Bank ले २०१८ सेप्टेम्बर ३ देखि ४ सम्म सिंगापुरमा आयोजना गरेको An Overview on CIMB Bank's Wholesale Banking Operations विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक शारदा कार्की The Zurcher Kantonalbank ले २०१८ सेप्टेम्बर २ देखि ७ सम्म स्वीट्जरल्याण्डमा आयोजना गरेको Central Bank Seminar मा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू पोखरा कार्यालयका शालिकराम गौडेल रेग्मी तथा मुद्रा व्यवस्थापन विभागका नविन तिमिल्सिना Bank of Indonesia ले २०१८ सेप्टेम्बर ३ देखि ४ सम्म इण्डोनेसियामा आयोजना गरेको Currency Management System विषयक सेमिनारमा सहभागी हुनुभयो ।

## सरुवा

कार्यकारी निर्देशकहरू जनशक्ति व्यवस्थापन विभागका उपेन्द्रकुमार पौडेल संस्थागत योजना विभागमा, वित्त कम्पनी सुपरिवेक्षण विभागका देवकुमार ढकाल भुक्तानी प्रणाली विभागमा तथा संस्थागत योजना विभागका पिताम्बर भण्डारी जनशक्ति व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

निर्देशकद्वय भुक्तानी प्रणाली विभागका रेवतीप्रसाद नेपाल कानुन महाशाखामा तथा कानुन महाशाखाका रामहरि न्यौपाने भुक्तानी प्रणाली विभागमा सरुवा हुनुभएको छ ।

जनशक्ति व्यवस्थापन विभाग (कामकाज: कानून महाशाखा) का उपनिर्देशक थानेश्वर आचार्य लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

## अनिवार्य अवकाश

सामान्य सेवा विभागका सहायक निर्देशक (प्रेस) अमिरमान शाक्यले नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) मा भएको व्यवस्था अनुसार ५८ वर्ष उमेर हदका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

## डडेल्धुरामा AML/CFT सम्बन्धी अनुशिक्षण सम्पन्न

प्रदेश नं. ७ का पहाडी जिल्लाहरू मध्ये आर्थिक क्रियाकलाप र वित्तीय पहुँचको सूचक अनुसार अघि रहेको जिल्ला डडेल्धुरामा "सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि सूचक संस्थाहरूको दायित्व" विषयक अनुशिक्षण कार्यक्रम २०७५ भदौ २६ गते सम्पन्न भयो ।



धनगढी कार्यालय र वित्तीय जानकारी एकाइको समन्वयमा सञ्चालित उक्त कार्यक्रमका प्रमुख आतिथि धनगढी कार्यालयका निर्देशक किरण पण्डित हुनुहुन्थ्यो । सो अवसरमा उहाँले सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको सम्बन्धमा प्रस्तुति दिँदै सूचक संस्थाहरूलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन समेत दिनुभयो ।

कार्यक्रममा वित्तीय जानकारी एकाइका उपनिर्देशक चन्द्रमणि निरौलाले सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सम्बन्धमा सूचक संस्थाहरूको दायित्व, आवश्यक रिपोर्टिङको ढाँचा तथा रिपोर्टिङको समय सीमा लगायतका विषय समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।


कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ निर्देशक पण्डित र उपनिर्देशक निरौलाले दिनुभएको थियो ।

डडेल्धुरा जिल्लामा अवस्थित सूचक संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त अनुशिक्षण कार्यक्रममा धनगढी कार्यालयका सहायक निर्देशक ध्रुव कार्कीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# आर्थिक वर्ष २०७४/७५ मा उपभोक्ता मुद्रास्फीति ४.२ प्रतिशत

आर्थिक वर्ष २०७४/७५ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.२ प्रतिशतमा सीमित रहेको अनुसन्धान विभागले जारी गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति सम्बन्धी प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ४.५ प्रतिशत रहेको थियो । समीक्षा वर्षको औसत मुद्रास्फीति आर्थिक वर्ष २०६१/६२ पछिको सबैभन्दा न्यून हो । आपूर्ति व्यवस्थापनमा आएको सुधार तथा भारतमा समेत न्यून मूल्यवृद्धि रहेको कारण समीक्षा वर्षमा समग्र उपभोक्ता मुद्रास्फीतिमा कमी आएको विभागले जनाएको छ ।

२०७५ असार महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति २.७ प्रतिशत रहको थियो । वार्षिक औसतभन्दा विन्दुगत मुद्रास्फीति बढी हुनुले आगामी दिनमा मुद्रास्फीति दबाबमा रहन सक्ने जोखिमको संकेत गर्दछ ।



चार्ट २: उपभोक्ता मुद्रास्फीति (वार्षिक औसत)

क्षेत्रगत आधारमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति हिमालमा ५.९ प्रतिशत, पहाडमा ४.६ प्रतिशत, तराईमा ४.४ प्रतिशत र काठमाडौं उपत्यकामा ३.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो मुद्रास्फीति हिमालमा ४.१ प्रतिशत, पहाडमा ६.४ प्रतिशत, तराईमा ४.४ प्रतिशत र काठमाडौं उपत्यकामा ३.१ प्रतिशत रहेको थियो ।

### नेपाल र भारत बीचको उपभोक्ता मुद्रास्फीति अन्तर

२०७५ असारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति नेपालमा ४.६ प्रतिशत र भारतमा ४.२ प्रतिशत रहेकोले यी दुई मुलुकहरू बीचको उपभोक्ता मद्रास्फीति अन्तर ०.४ प्रतिशत रहेको छ । अघिल्लो वर्ष नेपाल तथा भारतमा यस्तो मुद्रास्फीति क्रमशः २.७ प्रतिशत र २.४ प्रतिशत रही मुद्रास्फीति अन्तर ०.३ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

समीक्षा वर्षमा वार्षिक औसत थोक मुद्रास्फीति १.७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो मुद्रास्फीति २.७ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा कृषिजन्य वस्तुहरूको वार्षिक औसत मूल्य सूचकाङ्कमा ०.३ प्रतिशतले ह्रास आएको छ भने स्वदेशमा उत्पादित वस्तुहरूको वार्षिक औसत मूल्य सूचकाङ्क ५.३ प्रतिशतले र आयातीत वस्तुहरूको वार्षिक औसत मूल्य सूचकाङ्क ४.१ प्रतिशतले वृद्धि भएको छ ।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकांक

समीक्षा वर्षमा वार्षिक औसत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ६.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त सूचकाङ्क १४.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा तलब सूचकाङ्कको वृद्धिदर ९.६ प्रतिशत रहेको छ भने ज्यालादर सचकाङ्कको वृद्धिदर ५.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष तलब सूचकाङ्क र ज्यालादर सूचकाङ्कको वार्षिक औसत वृद्धिदर क्रमशः १८.३ प्रतिशत र १३.४ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा ज्यालादर अन्तर्गत कृषि मजदुर, निर्माण मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्कको वार्षिक औसत वृद्धिदर क्रमशः ५.६ प्रतिशत, ५.२ प्रतिशत र ४.६ प्रतिशत रहेको छ ।

# नेपाली बैंकहरूले अमेरिकी डलर र अष्ट्रेलियन डलर आयात गर्न सक्ने

नेपाली बैंकहरूले नगद अमेरिकी डलर र अष्ट्रेलियन डलरको व्यवस्थापन गर्न आफैले आयात गर्न सक्ने भएका छन् ।

नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ भदौ ३१ गते जारी गरेको परिपत्र मार्फत नेपाली बैंकहरूले नगद अमेरिकी डलर र अष्ट्रेलियन डलर आयात गरी विक्री गर्न सक्ने व्यवस्था लागू गरिएको हो ।

यसरी आयात गर्दा नगद अमेरिकी डलरका नयाँ नोट (Fresh Note) र अष्ट्रेलियन डलरका सफा नोट (Clean Note) मात्र आयात गरी विक्री गर्नु पर्नेछ ।

बैंकहरूले आयात गरेको नगद अमेरिकी डलर र अष्ट्रेलियन डलर विक्री गर्दा प्रति डलर अधिकतम ३० पैसासम्म Cash Handling Charge वापत शुल्क लिन सक्ने छन् ।

बैंकहरूले नगद अमेरिकी डलर वा अष्ट्रेलियन डलर माग गर्न आउने ग्राहकहरूलाई सकेसम्म बैंकिङ उपकरण मार्फत सटही दिन प्रोत्साहन गर्नु पर्ने पनि परिपत्रमा उल्लेख छ ।

नेपाल भ्रमण गर्ने विदेशी पर्यटकहरूले डेबिट कार्ड तथा क्रेडिट कार्य जस्ता बैंकिङ उपकरणबाट भुक्तानी गर्ने प्रवृत्ति बढ्दै गएको र नेपाली नागरिकहरू विदेश भ्रमणमा जाँदा त्यस्तो उपकरणको प्रयोगमा अभ्यस्त भई नसकेको कारण वाणिज्य बैंकहरूमा नगद अमेरिकी डलर र अष्ट्रेलियन डलर कम हुन गई प्रचलित व्यवस्था बमोजिम नगद अमेरिकी डलर र अष्ट्रेलियन डलर उपलब्ध गराउन कठिनाई भएकोले नगद अमेरिकी डलर र अष्ट्रेलियन डलरको आपूर्ति सहज बनाउन यस्तो व्यवस्था ल्याउनु परेको परिपत्रमा उल्लेख छ ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेबसाईट : www.nrb.org.np

**सम्पादक**
सुरेश पन्त

**सम्पादन सहयोगी**
रामकाजी खाइजू
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-५७०६११६, ५७०५९१८